बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप)
Children as Zones of Peace National Campaign (CZOP)
नयाँ बानेश्वर, थापागाउँ
०१ ५२४४०६२

**बालश्रम अन्त्य सबै जनाको सरोकारको विषय सम्बन्धी सिजपको विज्ञप्ति**

पूर्वन्यायाधीशको घरबाट बालश्रमिकको उद्धार शीर्षकमा पछिल्लो समय सञ्चारका विभिन्न माध्यमहरुबाट प्रकाशित तथा प्रसारित समाचारप्रति यस बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप) को गम्भीर ध्यानाकर्षण भएको छ। उद्धार कार्यमा संलग्न सरकारका जिम्मेवार निकायप्रति हार्दिक आभार समेत व्यक्त गर्दछौं। न्याय सम्पादन गर्ने उच्च पदस्थ व्यक्तित्वको घरमा नै बालश्रमिक हुनुले नेपालले बालश्रम अन्त्यका लागि गरेको संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्थाको उल्लंघन भएको छ भने बालश्रम अन्त्य सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्थाको व्यवहारिक कार्यान्वयनमा गम्भीर प्रश्न खडा गरेको छ। तसर्थ, उक्त घटनाको यथाशक्य चाँडो वस्तुगत तथा निस्पक्ष छानबीन गरी दोषीमाथि कडा भन्दा कडा कारवाहीका साथै उद्धार गरिएको बालश्रमिकको संरक्षण व्यवस्थापनको सुनिश्चितताका लागि नेपाल सरकारका सम्बद्द निकायसँग यस अभियान जोडदार माग गर्दछ।

संयुक्त राष्ट्रसंघको बाल अधिकार महासन्धि, १९८९ को धारा ३२ बमोजिम बालबालिकालाई शिक्षा, स्वास्थ्य तथा विकासमा हानि पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने अधिकार हुन्छ । अन्तर्राष्ट्रिय श्रम संगठन अन्तर्गत रोजगारीमा संलग्न हुन पाउने न्यूनतम उमेर सम्बन्धी महासन्धि, १९७३ (नं.१३८) ले १८ वर्षमुनिका बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाउन निषेध गरेको छ । नेपालको संविधानको धारा ५१ को खण्ड (ञ) (५) ले बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रुपमा ध्यान दिने तथा खण्ड (झ) (३) मा बालश्रम लगायत श्रम शोषणका सबै रुपको अन्त्य गर्ने नीतिलाई राज्यको मूल नीतिको रुपमा स्वीकार गरेको छ। यसैगरी धारा ३९ को उपधारा ४ मा कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन बन्देज लगाएको छ। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (६) मा प्रत्येक बालबालिकालाई आर्थिक शोषण हुनबाट संरक्षण पाउने अधिकार उल्लेख गरिएको छ । उपदफा (९) ले १४ बर्षमुनिका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन वा घरेलु कामदार वा कमलरीको रुपमा राख्न नहुने व्यवस्था उल्लेख गरेको छ। दफा ४८ अनुसार जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न भई जीवनयापन गरिरहेका बालबालिका विशेष संरक्षणको आवश्यकता भएका बालबालिका हुन्। श्रम ऐन, २०७४ को दफा ५ बमोजिम कसैले पनि बालबालिकालाई कानून विपरीत हुने गरी कुनै काममा लगाउनु हुँदैन भन्ने व्यवस्था भएको छ । यी र यस्ता कानूनी तथा नीतिगत व्यवस्थाका बाबजुद पनि माथि उल्लेखित प्रतिनिधि घटना सार्वजनिक हुनुले हामी सबैलाइ सचेत बनाएको छ।

बालश्रम मुलुकको समृद्दि तथा विकासको बाधक हो भने बालश्रम अन्त्य सबैको साझा गन्तव्य हुनुपर्दछ। यसर्थ बालबालिका श्रममा रहनु पर्ने अवस्थाको कारक तत्वको खोजी गर्दै दीगो समाधान गर्न, बालश्रमिकको उद्धार तथा संरक्षण व्यवस्थापनको सुनिश्चितता एवम् कडा अनुगमन तथा नियमनका लागि यस अभियान सम्बद्द सबैमा हार्दिक अनुरोध गर्दछ। साथै बालश्रमको अन्त्यका लागि नेपाल प्रतिवद्द छ भन्ने सन्देश विश्वसामु पुर्याउन समेत हामी सरकारको ध्यानाकर्षण गराउँदछौं।

मीना शर्मा
अध्यक्ष

तिलोत्तम पौडेल
महासचिव

मिति २०८० आश्विन १६ गते